श्री मु० का० अधिकृत

सूचना website मा upload गर्ने।

धादिङ जिल्ला अदालत धादिङ

फोन नं.०१०-५२१०५६

E-mail:-tahasil.dcdhading@supremecourt.gov.np

# धादिङ जिल्ला अदालत

## धादिङवेशी

### तहसिल शाखा

नीलकण्ठ नगरपालिका
दर्ता नं. : १५२३
मिति : ०७८।१२।२१
बुझिलिनेको सही :

पत्र संख्या :-२०७८/०७९
चलानी नं :- ३७०

मितिः- २०७८/१२/२१

बिषयः लिलामी सुचना पठाईएको सम्बन्धमा।

श्री सर्वोच्च अदालत रामशाहपथ ,
काठमाण्डौ ।

उपरोक्त सम्बन्धमा यस अदालतमा बिभिन्न मुद्दाहरूमा दशीको रूपमा प्राप्त हुन आई जिन्सीमा आम्दानी बाँधिएका सवारीसाधनहरू थान-१३ (मोटरसाईकल थान-०८, ट्रक थान-२, स्कुटर थान-१, बोलेरो गाडी थान-१ र ट्रयाक्टर थान-१) शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गर्ने सम्बन्धी जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(९) बमोजिमको १५ दिने सुचना प्रति-१ यसै पत्रसाथ पठाईएको छ। उक्त सुचना तहाँको वेभसाईटमा राखि र सुचना पाटीमा टाँस समेत गरी सो को जानकारी यस अदालतमा पठाईदिनु हुन सादर अनुरोध छ।

२०७८।१२।२१

भुवनप्रसाद तिमिल्सिना
तहसिलदार
तहसिलदार शाखा अधिकृत

बोधार्थ/कायार्थः

श्री सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय, ववरमहल काठमाण्डौः- तहाँको सुचनापाटिमा टाँस गरी जानकारी पाउने प्रयोजनको लागी एक प्रति सुचना यसै साथ राखि पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

श्री उच्च अदालत पाटनः- तहाँको सुचनापाटीमा टाँस गरी जानकारी पाउने प्रयोजनको लागी एक प्रति सुचना यसै साथ राखि पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

श्री जिल्ला प्रशासन कार्यालय,धादिङः- तहाँको सुचनापाटिमा टाँस गरी जानकारी पाउने प्रयोजनको लागी एक प्रति सुचना यसै साथ राखि पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

श्री जिल्ला समन्वय समितीको कार्यालय,धादिङः- तहाँको सुचनापाटिमा टाँस गरी जानकारी पाउने प्रयोजनको लागी एक प्रति सुचना यसै साथ राखि पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

श्री जिल्ला सरकारी वकिलको कार्यालय,धादिङः- तहाँको सुचनापाटिमा टाँस गरी जानकारी पाउने प्रयोजनको लागी एक प्रति सुचना यसै साथ राखि पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

श्री नीलकण्ठ नगरपालिका धादिङ- तहाँको सुचनापाटिमा टाँस गरी जानकारी पाउने प्रयोजनको लागी एक प्रति सुचना यसै साथ राखि पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

श्री जिल्ला प्रहरी कार्यालय धादिङः- तहाँको सुचनापाटिमा टाँस गरी जानकारी पाउने प्रयोजनको लागी एक प्रति सुचना यसै साथ राखि पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

श्री मालपोत कार्यालय धादिङः- तहाँको सुचनापाटिमा टाँस गरी जानकारी पाउने प्रयोजनको लागी एक प्रति सुचना यसै साथ राखि पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ।

# धादिङ जिल्ला अदालत

## सवारी साधन लिलाम बिक्री सम्बन्धी जरुरी सूचना

## पहिलो पटक सूचना प्रकाशन मिति २०७८।१२।२१

यस अदालतमा विभिन्न मुद्दाहरुमा अभियोग पत्रसाथ दशीको रुपमा दाखिल हुन आई जिन्सीमा आम्दानी बाँधिएका तपसिल बमोजिमका सावरीसाधनहरु (मोटरसाईकल थान-०८, ट्रक थान-२, स्कुटर थान-१, बोलेरो गाडी थान-१ र ट्रयाक्टर थान-१) जम्मा थान १३ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(९) बमोजिम मिति २०७८।११।२५ को निर्णय र मिति २०७८।११।२५ गतेको मूल्याङ्कन समितिको निर्णय अनुसार न्यूनतम एकमुष्ट रु. २०,१२,५००।-(बिस लाख बाह्र हजार पाँच सय मात्र) मूल्यमा तपसिल बमोजिमका सवारी साधनहरु मिति २०७९।०१।०८ मा लिलाम हुने भएकोले यो सूचना प्रकाशन गरिएको छ। तपसिलमा उल्लिखित शर्तहरुको अधिनमा रही लिलाम बढाबढ गरिने हुँदा इच्छुक महानुभावहरुले म्याद भित्र दरखास्त दिनुहोला।

| सि.नं | जिन्सी नं. | दर्ता मिती | वादी | प्रतिवादी | मुद्दा | गाडी नं. | यस अदालतको फैसला/आदेश मिति | न्युनतम् मुल्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३२८ | २०७१।०२।०२ | नेपाल सरकार | हिमाल थापा | आगोलागी | बा ३० प ८७२८ नं को मोटरसाईकल-१ | २०७१।०५।२३ | ५००/-(पाँच सय मात्र) दर्ता नहुने |
| २ | ३५२ | २०७१।१०।१३ | नेपाल सरकार | अमृत अधिकारी समेत | ज्यान मार्ने उद्योग | बा ४३ प ३४४५ को मोटरसाईकल-१ | २०७२।१२।२९ | २३,०००/-(तेईस हजार मात्र) |
| ३ | ४६४ | २०७४।०१।१० | नेपाल सरकार | शम्भु प्रसाद रिजाल | लागू औषध चरेश | बा ५२ प ०४ नं को मोटरसाईकल-१ | २०७४।११।१४ | २५,०००/-(पच्चिस हजार मात्र) |
| ४ | ५०० | २०७४।१२।१३ | नेपाल सरकार | गणेश रोक्का भन्ने | लागू औषध गाँजा | बा ४१ प ९०५५ को कालो होण्डा साईन मोटरसाईकल-१ | २०७५।०२।०२ | २१,५००/-(एक्काईस हजार पाँच सय मात्र) |

धादिङ जिल्ला अदालत
धादिङ

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ५०६ | २०७५।०१।२४ | नेपाल सरकार | देव बहादुर तामाङ समेत | लागू औषध चरेश | ना ३ ख ४३२४ को ट्रक-१ र चाबी समेत | २०७७।०९।२७ | ९,००,०००/-(नौ लाख मात्र) |
| ६ | ५१२ | २०७५।०३।१७ | नेपाल सरकार | शशिकान्त शाक्य समेत | लागू औषध चरेश | प्रस्तुत जिन्सी नं को HR 55 X 2549 गाडी ई.प्र.का.गजुरीमा रहेको | २०७८।१०।०५ | १,२५,०००/-(एक लाख पच्चिस हजार मात्र) दर्ता नहुने |
| ७ | ५५२ | २०७६।०२।०९ | नेपाल सरकार | विकास तामाङ भन्ने | लागू औषध चरेश | बा २५ प ५२९३ को पल्सर मोटरसाईकल-१ | २०७७।१०।२९ | २५,०००/-(पच्चिस हजार रुपैया मात्र) |
| ८ | ५६३ | २०७६।०३।२६ | नेपाल सरकार | दिपक भण्डारी समेत | लागू औषध चरेश | बा ८९ प २३४३ को मोटरसाईकल चाबी समेत-१ | २०७७।०८।२२ | ४६,०००/-(छ्यालिस हजार मात्र) |
| ९ | ५८३ | २०७६।११।०२ | नेपाल सरकार | संदिप भन्ने जय नारायण दंगाल | अपराधिक उपद्रव | ग ४ प ३७७९ को स्कुटरको जलेको इन्जिन | २०७७।०८।०७ | ५००/-(पाँच सय रुपैया मात्र) दर्ता नहुने |
| १० | ६०२ | २०७७।०२।२५ | नेपाल सरकार | पवन महर्जन समेत | लागू औषध गाँजा | बा ४५ प ११४३ को मोटरसाईकल गजुरीमा रहेको | २०७६।११।१२ | २०,०००/-(बिस हजार रुपैया मात्र) |
| ११ | ६०६ | २०७७।०३।१२ | नेपाल सरकार | सञ्च बहादुर तामाङ | लागू औषध चरेश | बा ४८ प ९२२५ को मोटरसाईकल-१ | २०७८।०१।०८ | २६,०००/-(छब्बीस हजार रुपैया मात्र) |
| १२ | ६६६ | २०७८।०२।२० | नेपाल सरकार | सुमन तामाङ समेत | लागू औषध गाँजा | बा ४ च ६१३६ नं को बोरेलो गाडी थान-१ जि.प्र.का.मा सुरक्षित रहेको। | २०७८।०२।१९ गतेको आदेश | ३,५०,०००/-(तिन लाख पचास हजार रुपैया मात्र) |
| १३ | ६८४ | २०७८।०६।१८ | नेपाल सरकार | परिवर्तित नाम थर जिल्ला २४ गजुरी २४ (०७८।०७९) | डाँका चोरी | ना ५ त ७७९६ नं को ट्र्याक्टर र सोको ट्रलीमा भएको फलाम समेत | २०७८।०६।१९ गतेको आदेश | ४,५०,०००/-(चार लाख पचास हजार रुपैया मात्र) |

शर्तहरुः

१. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मिति २०७८।१२।२१ देखि १५ दिन भित्र अर्थात मिति २०७९।०१।०६ गतेसम्म कार्यालय समयभित्र रु.२०००।- राजश्व आर्थिक प्रशासन शाखामा नगदै दाखिला गरि व्यक्ति भए नेपाली

नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत साथै राखी निवेदन दिई तहसिल शाखाबाट खरिद गर्न सकिनेछ।

२. बोलपत्र खोल्ने सार्वजनिक विदा पर्न गएमा विदाको भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही समय र स्थानमा हुनेछ। बोलपत्रमा दररेट अंक र अक्षर स्पष्ट लेख्नुपर्ने छ। अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षेरमा लेखिएकोलाई मान्यता दिइनेछ।

३. खरिद भएको बोलपत्र फारम सो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई सिलबन्दी लाहाछाप गरी तहसिल शाखामा दर्ता गराउनु पर्नेछ। बोलपत्रदाताले आफूले बोल कबोल गरेको अंङ्कको १० प्रतिशतले हुने रकम यस अदालतको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक धादिङबेशीको धरौटी खाता नं.१०३०१००१०२०३०००० कार्यालय कोड नं. २०४९७३००१ मा नगदै जम्मा गरी सोको सक्कलै भौचर सहितको बोलपत्र पेश गर्नुपर्नेछ। लिलाम सम्पन्न हुंदा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्ति वा फर्म बाहेक अन्यको धरौटी रकम फिर्ता गरिने छ।

४. दर्ता भएका बोलपत्रहरु मिति २०७९।०१।०८ गते बिहिबारको दिनको ४.०० बजे बोलपत्रदाता, निजको प्रतिनिधिहरु र यस अदालतको प्रतिनिधिहरुको रोहबरमा यस अदालतमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेका उक्त कार्यहरु विदाको भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. बोलपत्र खोल्ने दिन सम्ममा सूचनामा उल्लिखित कुनै सवारी साधनहरु सवारी धनीले फिर्ता लगेमा बाँकी रहेका सवारी साधनहरुको लिलाम गरिनेछ।

६. लिलाम सकार गरेको सवारी साधन दर्ता गराउने दायित्व डाँक सकार गर्नेको हुनेछ र दर्ताहुने सवारी साधनको प्रचलित कानून बमोजिम लाग्ने कर, दस्तुर वा शुल्क डाँक सकार गर्नेले व्यहोर्नु पर्ने छ।

७. सूचनामा उल्लिखित सवारी साधनहरु दर्ता हुने वा नहुने सम्बन्ध सम्बन्धित यातायात कार्यालयको नियमानुसार हुने हुँदा दर्ता हुने सामानहरु सम्बन्धित यातायात कार्यालयमा दर्ता गराउने साथै दर्ता नहुने सवारी साधनहरु काटेर प्रयोग गर्न नमिल्ने

गरी उठाई लैजानु पर्ने सम्बन्धी दायित्व बोलपत्र खरिद कर्ता स्वयंले व्यहोर्नु पर्नेछ। साथै दर्ता नहुने सवारी साधनहरु पुन.साविकको अवस्थामा प्रयोग गर्न पाइने छैन।

८. म्याद नाघी आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

९. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन।

१०. बोलपत्रदाताले सिलबन्दी बोलपत्र पेश गरी छानवीन भएपछि प्रथम, द्धितीय र तृतीय छनौट गरी प्रथम हुनेलाई मान्यता दिईनेछ। उक्त प्रथम हुने बोलपत्रदाताले सम्झौता गर्न नआएमा क्रमशः द्धितीयलाई दिईनेछ। द्धितीय पनि नआएमा तृतीयलाई दिइनेछ र प्रथम र द्धितीयको १० प्रतिशत धरौटी जफत गरिनेछ। बोलपत्र सकारकर्ताले बाँकी ९० प्रतिशत रकम धरौटी खातामा जम्मा गरी ७ दिनभित्र उल्लिखित सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लगिसक्नु पर्नेछ। ७ दिनभित्र आफूले कबोल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानून बमोजिम जफत गरिनेछ।

११. न्यूनतम मूल्यमा भन्दा कम मूल्यमा बोल्न पाईने छैन।

१२. लिलाम हुने सवारी साधनहरु प्रचलित कानून बमोजिम नेपाल सरकारको नीति विपरित नहुने गरी प्रयोग गर्न पाईनेछ।

१३. सबै सवारी साधनहरु एकमुष्ट लिलाम बोल्नु पर्नेछ।

१४. लिलाम हुने सामान हेर्न चाहने व्यक्तिले यस अदालतको तहसिल शाखामा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।

१५. लिलाम सकार गराउने नगराउने अन्तिम अधिकार यस अदालतलाई हुनेछ।

१६. यस सम्बन्धी थप कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।

२०८०।१२।२१

(भुवन प्रसाद घिमिरे)
तहसिलदार
शाखा अधिकृत

भुवनप्रसाद घिमिरे
तहसिलदार (शाखा अधिकृत)

धादिङ जिल्ला अदालत